# राजापुर नगरपालिकाको मोटर बोट सञ्चालन कार्यविधि २०८०

स्विकृत मिति: २०८०/०९/११

प्रमाणिकरण मिति : २०८०।०९।१३

राजापुर नगरपालिकामा युएसएआईडीको तयार नेपाल परियोजनाबाट बाढीको समयमा खोज तथा उद्धार गर्न र अन्य समयमा पर्यटन प्रवद्र्धनमा सहयोग गरि आय आर्जनमा सहयोग पुग्ने गरि व्यवस्थापन गर्न भनि उपलब्ध गराईएको मोटर बोट सञ्चालनको लागि राजापुर नगरकार्यपालिकाले यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** १) यो कार्य विधिको नाम मोटर बोट सञ्चालन कार्यविधि, २०८० रहेको छ।
   २) यो कार्यविधि कार्यपालिकाले स्विकृत गरे पश्चात तुरुन्त लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:
   - क) ऐन भन्नाले स्थानीय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७८ सम्झनु पर्दछ ।
   - ख) व्यवसायिक प्रतिष्ठान भन्नाले उद्योग कलकारखाना, सिनेमा घर, सपिङ्ग मल, बहुउद्देश्यीय व्यपारिक भवन, संयुक्त आवासीय भवन, होटेल, रिसोर्ट, पार्टी प्यालेस, पेट्रोल पम्प लगायत उद्योग ब्यवसाय गर्ने संस्था सम्झनु पर्दछ ।
   - ग) समिति भन्नाले मोटर बोट सञ्चालन समिति सम्झनु पर्दछ ।

३. **यो मोटर बोट सञ्चालनको** लागि स्थानीय विपद् व्यवस्थापन समितिले एउटा ५ जना सम्मको एक समिति बनाई अधिकार प्रत्यायोजन गर्ने छ ।

४. **मोटर बोट सञ्चालन समितिमा देहाय बमोजिमको समिति रहने छः**

| | |
|---|---|
| क) नगर प्रमुखः | सयोजक |
| ख) नगर उपप्रमुखः | सदस्य |
| ग) प्रमुख प्रशासकिय अधिकृतः | सदस्य |
| घ) वन तथा वातावरण शाखा प्रमुखः | सदस्य |
| ङ) विपद् सम्पर्क /आपतकालिन कार्य सञ्चालन केन्द्र प्रमुखः | सदस्य सचिव |

५. **मोटर बोट सञ्चालन समितिको काम कर्तव्य र अधिकारः**
   - क) मोटर बोट सञ्चालन समितिले मोटर बोट चलाउनको लागि दक्ष व्यक्ति उत्पादनको लागि आवश्यक तालिमको व्यवस्था मिलाउने ।
   - ख) तालिम दिँदा मर्मत सम्भारको समेत जानकारी हुने गरि व्यवस्था मिलाउने ।
   - ग) मनसुनको समयमा खोज तथा उद्धारको लागि प्रयोग गर्ने गराउने ।
   - घ) मनसुनको समय बाहेक मोटर बोटलाई कहाँ प्रयोगमा ल्याउने हो स्थान निर्धारण गर्ने । कर्णाली र गेरुवा नदी वा अन्य तालमा पनि प्रयोग गर्न सकिने गरि व्यवस्था मिलाउने ।
   - ङ) मनसुनको समय बाहेकको समयमा आन्तरिक वा बाह्य पर्यटन प्रवद्र्धनको लागि प्रयोग गर्ने गराउने।

च) मोटर बोटलाई सञ्चालन गर्न २ /३ जनालाई तालिम प्रदान गरि जिम्मा दिने ।

छ) तालिम पश्चात निज व्यक्तिहरुलाई नियुक्ती दिने र उनीहरुको काम कर्तव्यलाई प्रष्ट पार्ने ।

ज) मोटर बोटमा आन्तरिक तथा वाह्य पर्यटक सवार गरे वापतको शुल्क निर्धारण गर्ने । उक्त शुल्क निर्धारण पश्चात यसै कार्यविधिको अनुसूचि १ बमोजिम हुनेछ ।

झ) निर्धारण गरिएको शुल्क कडाईका साथ लागु गर्ने

ञ) प्रत्येक दिनमा भएको आम्दानी राजापुर नगरपालिकाकोआन्तरिक राजश्व खातामा आम्दानी बाँध्न लगाउने ।

ट) मोटर बोट मर्मत गर्नुपर्ने भएमा राजापुर नगरपालिकाले मर्मत सम्भार गर्ने ।

ठ) मोटर बोटमा सिट संख्यामा आधारित लाईफ ज्याकेट राख्ने ।

ड) कुनै पनि यात्रु वा पर्यटकलाई विना लाईफ ज्याकेट सवार नगर्ने नगराउने ,

ढ) मोटर बोट सञ्चालनमा राखेका व्यक्तिहरुको पारिश्रमिकको व्यवस्था गर्ने ।

ण) मोटर बोट सञ्चालनमा राखिएका व्यक्ति र सवार व्यक्तिको विमाको व्यवस्था गर्ने गराउने ।

त) मोटर बोट सञ्चालनमा रखिएका व्यक्तिहरुलाई मोटर बोटमा सवार व्यक्तिहरुको सुरक्षामा विशेष ध्यान राख्न जिम्मेवार बनाउने ।

थ) मोटर बोट सञ्चालन गर्ने समय बिहान सूर्य उदाउने देखि साँझ सूर्य अस्ताउदा सम्म निर्धारण गर्ने । रातको समयमा जोखिम हुने भएकोले आपतकालिन अवस्था बाहेक सञ्चालनमा रोक लगाउने ।

द) मोटर बोट सञ्चालन भएको नभएको वा व्यवस्थित भए नभएको समय समयमा अनुगमन गर्ने सुझावहरु, सल्लाह र निर्देशन दिने ।

ध) मोटर बोट मार्फत नेपालको कानुनले बन्देज गरेको कार्य वा गतिविधि गर्न रोक लगाउने वा निषेध गर्ने गराउने ।

न) मोटर बोटको सञ्चालनको जिम्मा तोकिए बमोजिम हुनेछ ।

६. **मोटर बोट सञ्चालनको जिम्मा लिने व्यक्ति वा फर्मको काम कर्तव्य र अधिकार:**

क) नगरपालिकाको मोटर बोट सञ्चालन समितिले दिएको निर्देशन पालना गर्ने गराउने ।

ख) मोटर बोटलाई बाढीको समयमा खोज तथा उद्धारको लागि प्रयोग गर्नु पर्ने छ ।

ग) फर्म वा अन्य व्यवसायिक प्रतिष्ठानको हकमा मोटर बोटको मर्मत सम्भार गर्ने र सुरक्षाको व्यवस्था गर्नुपर्नेछ ।

घ) मोटर बोट सञ्चालन समितिको निर्णय अनुसार मोटर बोटलाई आन्तरिक वा बाह्य पर्यटकहरुको लागि निश्चित शुल्क यस कार्यविधिको अनुसूची १ मा उल्लेख भए बमोजिम हुनेछ ।

ङ) नेपालको कानुनले बन्देज लगाएको कुनै पनि कार्य गर्न पाईने छैन ।

च) मोटर बोटलाई तोकिएको क्षेत्र भन्दा बाहीर प्रयोग गर्न पाईने छैन ।

७. **मोटर बोट सञ्चालन गर्ने व्यक्ति वा फर्म छनौट विधिः**

क) राजापुर नगरपालिकाको सूचना पाटी तथा सामाजिक सञ्जालमा सूचना प्रकाशित गरिने छ ।

ख) कुनै व्यक्ति वा फर्मलाई ठेक्कामा पनि दिन सक्ने व्यवस्था मिलाउन सकिने छ ।

ग) दैनिक हाजिरी अनुसार कर्मचारी नियुक्ती गरी सञ्चालन पनि गर्न सकिने छ । यसको निर्णय गर्ने अधिकार मोटर बोट सञ्चालन समितिलाई दिईने छ ।

घ) कर्मचारी नियुक्ती गरि गरिने बाहेकको जस्तै ठेक्काको लागि भने दैनिक हिसाव राखिराख्नु पर्ने आवश्यक रहेन ।

ङ) मोटर बोट सञ्चालनका लागि व्यक्ति वा फर्म वा व्यवसायिक प्रतिष्ठान छनौटको कार्य मोटर बोट छनौट समितिले नै गर्नेछ । यसरी छनौट गर्दा रकम तथा सरकारी ठेक्का बन्दोबस्त ऐन २०२० बमोजिम अवलम्बन गरिनेछ ।

च) कुनै फर्म वा व्यवसायिक प्रतिष्ठानले जिम्मा पाउने अवस्थामा भने ठेक्काको वार्षिक रकमको २५% मोटर बोट जिम्मा लिनु भन्दा पहिला नै जम्मा गर्नु पर्नेछ ।

छ) मोटर बोट सञ्चालनको जिम्मा व्यवसायिक प्रतिष्ठानलाई पनि दिन सकिने छ । तर माथि उल्लेखित सर्त भने पालना गर्नुपर्नेछ ।

८. **निजी क्षेत्र सम्बन्धी व्यवस्था:**

क) निजी क्षेत्रले संचालन गर्न खोजेमा नगरपालिकाको अनुमति लिई तोकिएको दस्तुर तिरी संचालन गर्न सक्नेछ ।

ख) अनुमति लिदा पेश गर्नु पर्ने कागजातहरु पेश गर्नु पर्ने छ ।

(१) कम्पनी दर्ता ।

(२) खरिद गरेको कागजातहरु

(३) नगरपालिकाले बनाईएका मापदण्ड स्विकार गर्ने प्रतिवध्धता

(४) विमा गरेको कागजात

९. **अन्य व्यवस्थाः**

क) मोटर बोट सञ्चालन समितिले सञ्चालनमा अरु थप आवश्यकताका आधारमा कार्य विधिलाई शंसोधन गर्न सक्नेछ ।

ख) मोटर बोट सञ्चालन समितिले सिफारिस गरेमा मोटर बोट मर्मत सम्भारको लागि नगरपालिकाले आवश्यकताका आधारमा बजेट विनियोजन गरि व्यवस्थापन गर्ने छ ।

ग) मोटर बोट संचालनको क्रममा कोहि कसैले आफ्नै जिद्धिपनका कारण नदीमा हाम फाल्ने, चालकको निर्देशन नमान्ने गरेको कारण धनजनको क्षती हुन गएमा त्यसको जिम्मेवार स्वंयम व्यक्ति हुनुपर्नेछ ।

घ) राजापुर नगरपालिकामा संचालित मोटरबोट राजापुर नगरकार्यपालिकामा दर्ता गरि संचालन गर्नुपर्नेछ ।

१०. **बचाउ र खारेजी** : मोटरबाट संचालनको लागि लिइएको शुल्क, मोटरबोट मर्मत र मोटरबोटको संचालनका लागि कर्मचारीको व्यवस्थापनको ज्याला यसै कार्यविधि बमोजिम भएको मानिनेछ ।

अनुसूचि १

दफा ५ को उपदफा (ज)सँग सम्बन्धित

मोटर बोट प्रयोग गरे वापत लाग्ने शुल्क

| क्र.सं. | विवरण | प्रयोग गरेवापतको शुल्क दर रु. | कैफियत |
|---|---|---|---|
| १ | प्रति कि. मि. | ३००। | |